

पर्दा, समय र मान्छेहरू

झमक घिमिरे

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

पर्दा, समय र मान्छेहरु

(कथासङ्ग्रह)

झमक घिमिरे

प्रकाशक

विवेक सिर्जनशील प्रकाशन प्रा. लि.

अनामनगर, काठमाडौं

पर्दा, समय र मान्छेहरू

लेखक	:	झमक घिमिरे
विधा	:	कथासङ्ग्रह
संस्करण	:	पहिलो, २०६२
प्रकाशक	:	विवेक सिर्जनशील प्रकाशन प्रा.लि. अनामनगर, काठमाडौँ वेभ साइट: www.bibekpublication.com Email: bijayraj.acharya@gmail.com bijaya2033@yahoo.com फोन नं. ४२१८०६३
सर्वाधिकार	:	लेखकमा
आवरण	:	सुवर्ण हुमागाईं
कम्प्युटर	:	विष्णुकुमार पौडेल विवेक सिर्जनशीलको कार्यलय
मुद्रण	:	सम्झना प्रेस, ठमेल
मूल्य	:	रु. २५/-

पर्दा, समय र मान्छेहरु बारे भन्नै पर्दा

प्रिय पाठकहरू,

हार्दिक अभिवादन !

हिजैमात्र जस्तो लाग्छ, साहित्यको उर्वर फाँटमा झमकले पाइला हालेकी । त्यतिबेला किशोरावस्थाकी झमकसँग केही उत्तेजना र चाहिनेभन्दा बढी महत्वाकाङ्क्षा थियो । यसका बाबजुद पनि झमकलाई अधिकांश साहित्यप्रेमी पाठकहरूले माया गरे । पाठकहरूले दिएका सद्भाव, सल्लाह र सुझावहरू नै आजकी झमकका लागि ऊर्जा बन्न पुगे । मसँग थुप्रै दुर्बलताहरू नभएका भने होइनन्, यसको बाबजुद पनि मलाई नेपाली साहित्यले स्वीकार्‍यो । पाठकहरू ! ममाथि तपाईंहरूले ठूला सपनाहरू देख्नुभएको थियो । कसैले त ममा पारिजातको आभास गरेर दोस्रो पारिजातको उपमा दिनुभएको थियो । तर, प्रिय पाठकहरू ! म त झमक हुँ । झमक नै भएर तपाईंहरूसँग आएकी छु ।

मेरो लेखनयात्रा त्यति लामो नभए पनि मलाई तपाईंहरूले दिनुभएको माया, स्नेह, सुझाव र सल्लाहप्रति धन्यवाद ! यस पुस्तकमा सङ्कलित कथाहरू मेरा ३/४ वर्षदेखि विभिन्न पत्रपत्रिकामा छापिएका र डायरीमै सीमित रहेका फुटकर कथाहरू हुन् । यिनै कथाहरूको सङ्ग्रह *पर्दा, समय र मान्छेहरू* हो । यो सङ्ग्रहमा मेरा प्रारम्भिक चरणका कथाहरू परेका छन् । थुप्रै कमीकमजोरीका बाबजुद पनि आफूलाई नयाँ कथाकारकारूपमा

उभ्याउने चेष्टा गरेकी छु । म ठोकुवा गर्दिनँ- यो मेरो पहिलो प्रयास नै सबै अर्थमा औचित्यपूर्ण छ । किनभने मैले कथालाई त्यति मूर्तता दिन सकेकी छैन । तर, मानव जीवनका केही पक्षहरूलाई आफ्ना कथाहरूमा समेट्ने कोशिस गरेकी छु । मानवीय मूल्य, मान्यता र जनजीवनका भोगाइहरू मेरा कथाका विषयवस्तु बन्न पुगेका छन् । प्रजातन्त्रको नारा अलाप्दै जनताका मुख बन्द गर्ने तन्त्रको विरोधी हुँ म । मेरा पात्रहरूले पनि निर्धो प्रजातन्त्र र स्वतन्त्रताको खिल्ली उडाएका छन् । पाठकहरूले यसरी बुझ्नुहोला कि, झमक अझै पूर्ण कथाकार बनिसकेकी छैन । यो झमकको पहिलो पाइलामात्र हो । मेरा कथाहरूमा केही परम्परागत, आधुनिक चेत आएका होलान् । यो त तपाईं पाठकहरूले थाहा पाउने नै कुरा हो ।

यी कथाहरूलाई प्रकाशन गर्नुपर्छ भनेर मलाई घच्घच्याउनु हुने दाजु विजयराज आचार्यलाई म धन्यवाद नदिइरहन सक्तिनँ । विवेक सिर्जनशील प्रकाशन (प्रा.) लि., जसले यो सङ्ग्रह प्रकाशनमा मलाई सहयोग गरेको छ, यस संस्थाप्रति हार्दिक कृतज्ञता प्रकट गर्नु मैले आफ्नो दायित्व ठानेकी छु । यस सङ्ग्रहको भाषा हेरिदिनुहुने घनेन्द्र ओझालाई पनि धन्यवाद ! पाठकहरू ! मेरो पहिलो प्रयासलाई मूल्याङ्कन गर्ने जिम्मेवारी तपाईंकै हातमा छोड्दछु ।

■ झमक घिमिरे
धनकुटा- ३, कचिडे

कथाक्रमः-

- खै ! मेरो स्वतन्त्रता ? ६
- वेश्याहरूको आन्दोलन ९
- परिवर्तन र सङ्घर्ष १२
- ऐनामा देखिएका प्रतिबिम्बहरू १४
- मनबहादुर विश्वकर्मा १७
- रेष्टुराँ २०
- २१ औँ शताब्दीको सर्वोत्कृष्ट फिल्म २६
- पर्दा, समय र मान्छेहरू २८
- लालबहादुर, जुत्ता र प्रजातन्त्र ३१
- दरिद्रताभित्रको मान्छे ३५
- प्रजातन्त्रको सहिद ३८

खै ! मेरो स्वतन्त्रता ?

उसले चित्र कोऱ्यो । कुनै फूलकुमारीको चित्र । त्यो चित्रमा सर्लक्क दिलकुमारी उभिई । सोच्यो- अहो ! यो उसलाई दिन पाए यसको दाम ...!

अर्को दिन उसले उही चित्र कोऱ्यो । उसको आँखाले देख्यो- कुनै सुनकुमारीको चित्र । त्यसदिन पनि उसको मनले सोच्यो- यो उसलाई दिन पाए यसको दाम त...! प्रत्येक दिन उसका चित्रहरूमा अङ्कित भिन्दाभिन्दै रङ्का दिलकुमारीका आकृतिहरू फरकफरक नामले परिचित हुँदै गए । ती आकृतिहरूले उसलाई आ-आफ्नै अन्तःकरणका गुनासाहरू गर्दै हुन्थे ।

फूलकुमारी भन्थी- 'तिमी मलाई साँच्चै प्रेम गर्छौ ?'

सुनकुमारी गुनासो पोख्थी- 'मलाई एउटा साडी किनिदेऊ ।'

राजकुमारी भन्थी- 'मलाई घुम्न लैजाऊ ।'

खानदानियाकुमारी भन्थी- 'मेरो जुत्ता लगाइदेऊ ।'

उसले मनमनै सोच्यो- यी कुमारीहरूलाई कुमारित्वको चयनभोग गर्ने मृगतृष्णाले सताएको छ । जसको हिस्सा मेरो भागमा कति ? निकै गम्भीर सोच्यो- मैले पनि आफ्नै सयल किन भोग्न नसक्ने ?

उसले फूलकुमारीलाई तृप्त पाऱ्यो, सुनकुमारीलाई साडी किनिदियो, राजकुमारीलाई गगनविहार गरायो, खानदानियाकुमारीको जुत्ता लगाइदियो । यस अर्थमा लोग्ने मानिस कति ठाउँमा, कतिपटक बलात्कृत छ ? उसका निर्जीव चित्रहरूले उसलाई कतिपटक बलात्कार गर्छन् ? के चेत छ समाजलाई ? ज्ञात छ समाजलाई ? अहँ, छैन ।

त्यसैले त ऊ आफ्नी दिलकुमारीसँग मर्द भएको धाक लगाउँछ । अथवा, पुरुषत्वको धक्कु लगाउँछ । बिचरो ! कति निरीह छ ! कति पङ्गु छ ! ऊ अगाडि ठिङ्गिएकी दिलकुमारीलाई के ज्ञात ? बिचरी !

दिलकुमारी त आफ्नो लोग्नेलाई सबैभन्दा ठूलो मानिस ठान्थी । नठानोस् पनि कसरी ? नेपाली नारीका लागि लोग्ने सर्वस्व हुन्छ । दिलकुमारी पनि यही समाजकी नारी हो । जसलाई संस्कारले बलियोसँग बाँधेको छ । त्यसलाई चुँडाएर बाहिर आउन ऊ कसरी सक्थी र ! आफ्नो लोग्नेले विभिन्न खालका चित्र कोरेको देख्दा उसलाई पनि चित्रमा अटाउन मन लाग्थ्यो । सोच्थी- 'मेरो पनि एउटा चित्र कोरिदिए हुन्थ्यो ।' तर, उसको चित्र कसले किनिदिने भन्ने सन्त्रास थियो । त्यसैले दिलकुमारीले आफ्नो इच्छा लोग्नेसँग कहिल्यै व्यक्त गर्न सकेकी थिइन । ऊ यस अर्थमा ढुक्क छे- आफ्नो सतित्व बिक्रीबाट सुरक्षित छ । दिलकुमारी भित्रभित्रै गर्वको अनुभूति गर्दछे ।

बिचरी ! दिलकुमारीलाई के थाहा ? आफू फूलकुमारी, सुनकुमारी, राजकुमारी खानदानियाकुमारीका रूपमा सस्तो मूल्यमा बिक्री भइसकेकी छे । ऊ प्रत्येक दिन दिलकुमारीहरूलाई अनेक नामाकरण गर्दै बिक्री गर्थ्यो । त्यसैको मूल्यले गुजारा चलाउँथ्यो । यो उसको जीवनको कुनै महत्वाकाङ्क्षी सपना थिएन । कुनै महत्वाकाङ्क्षी उपलब्धि पनि थिएन । विवशता र बाध्यताले जर्जर आजको मानिसको जीवन बँचाइ यस्तै हुन्छ ।

यस्तै बँचाइको क्रमसँगै समय आफ्नै गतिमा हुत्तिइरह्यो । उसको भर्भराउँदो बैंस ऊसँग खोसिँदै गयो । अन्त्यमा बाँकी एक मुट्ठी सास र जिङ्रिङ्ग हाडछालामात्र रह्यो । उसले ऐनामा आफ्नो अनुहार हेऱ्यो । त्यहाँ कपाल पाकिसकेको, गाला चाउरी परिसकेको, अनुहार फुङ्ग उडिसकेको देखेर ऊ छक्क पऱ्यो । तर, मनमनै प्रश्न तेर्स्यायो- 'यो दिलकुमारी कहिल्यै बूढी हुन्न ?' वास्तवमा दिलकुमारी पनि ऊजत्तिकै बूढी भइसकेकी छे । उसका आँखाहरू दिलकुमारीलाई जवान फूलकुमारी, सुनकुमारी, राजकुमारीहरू नै देख्थे । अकस्मात् उसका कुमारीहरू निन्याउरो र मलिन अनुहारमा उभिएका थिए । यसो टाउको उठाएर हेऱ्यो, आँखा अगाडि देख्यो- बूढी दिलकुमारी । उसले मनमनै

गम्यो- 'त्यसो भए के बूढी दिलकुमारीलाई म स्वीकारौं ? अहँ, यो हुन सक्दैन ।' ऊ सहजै इन्कार गर्छ ।

ऊ शाश्वत दिलकुमारीदेखि तर्किन्छ, झर्किन्छ । आफैं लाचार भएर दिलकुमारीका पुराना तस्वीरहरू सुमसुम्याउन थाल्छ । यता, शाश्वत दिलकुमारी खिस्स हाँस्दै सोच्छे- यो लोग्नेमानिस अझै त्यो समयमै रहेछ । के उसलाई थाहा छैन ? उसको त्यो समयले निकै अगाडि काँचुली फेरिसक्यो भन्ने ? अब दिलकुमारी खित्का छाडेर हाँस्छे । उसलाई दिलकुमारीको हाँसोले खिल्ली उडाइरहेजस्तो लाग्छ । ऊ पुराना तस्वीहरूबाट विस्तारै आँखा हटाएर ऐनाअगाडि आउँछ । त्यहाँ देश कङ्गाल शाश्वत निरीह आफूलाई पाउँछ । पाकेका केशराशि, चाउरिएका गालाहरू, फुङ्ग उडेको अनुहारबीच उभिएको ऊ कति विवश छ ? सोच्यो- 'बिचरी ! दिलकुमारी पटकपटक सस्तो मूल्यमा बिक्री भइसकेकी छे । र पनि मूल्यको सास फेर्छे । त्यो मूल्यमा म स्वयम् बिक्रीको लागि रहें । तर, खै मेरो पुरुषत्वको, नामर्दपनको पहिचान ? यो समाजको आँखाबाट परै रह्यो । उसको कमजोरपन समाजले पहिचान गर्न सकेन । मानिसको आँखाले पनि यसलाई ठम्याउन सकेन र कसैको आँखाले नियाल्न सकेन ।

बिडम्बना ! मैले एउटी दिलकुमारीलाई बलात्कार गरें । तर, मलाई फूलकुमारी, सुनकुमारी, राजकुमारी, खानदानियाकुमारीहरूले गरेको बलात्कारको क्षतिपूर्ति ? ऊ टोलाइरह्यो । यसो आँखा उठाएर माथितिर हेऱ्यो । दिलकुमारी प्रश्नसूचक आँखाले उसको अनुहारतिर हेरिरहेकी रहिछ । ऊ केही खिन्न भयो । यहाँ दुवैको आँखामा प्रश्नसूचकको भाव पढ्न सकिन्थ्यो । एक-अर्काको समानताको पक्षमा खडा थिए दुवै ।

स्त्री डुक्रिन्थी- 'मेरो स्वतन्त्रता खै ?'

पुरुष डुक्रन्थ्यो- 'मेरो स्वतन्त्रता खै ?'

शब्द संयोजन साहित्यिक मासिक, वर्ष-१, अङ्क- ३, २०६१ असार

वेश्याहरुको आन्दोलन

अश्मी कोहीबाट बेचिइसकेकी थिई । उसलाई वस्तुस्थितिको ज्ञात भइसकेको थियो । त्यसैले ऊ पूर्णतया आफूलाई बदल्न खोज्थी । बदली । ऊ भित्तामा झुण्डिएको ऐनासामु गई । त्यहाँ देखी- आफ्नो प्रतिबिम्ब । आफूलाई सुन्दर भएको महशुस गरी । ऊ आश्वस्त भई- आज धेरै ग्राहक भेटिने छन् । अश्मी अर्को भित्तामा पुगी । देखी- नयाँ क्यालेन्डर झुण्डिएको छ । ऊ एकपटक तर्सिई । हँ... नयाँ समयको आगमन ! उसलाई आफू पुरानिएको लाग्यो । सोची- यो समयको अन्त्य अगाडि नै त्यो समयले टाउको उठायो ? यो असंभव ! तर, यो कसरी असंभव...?

समयको कस्तो नियत...? उसलाई समयप्रति घृणा लागेर आयो । यसैबेला बाहिरबाट कसैको उरन्ठ्याउलो चित्कार आयो- 'ए अश्मी..!' उही परिचित आवाज । यसको मतलब ? कुनै निरीह जन्तु आफैं खोसिन आएको सङ्केत । जो ऊबाट बेचिएकी थिई उहीबाट 'ए अश्मी...! ए अश्मी...!' एकनास आवाज ! तर, ऊ बोलिन । मानौं, यो उसको समयप्रतिको असन्तुष्टिको अभिव्यक्ति थियो । यो अनौठो आन्दोलनको औचित्य के ? पुरुषत्वसंग मुक्ति ! अनि नयाँ क्यालेन्डर ? नयाँ समयको आगमन ! उसलाई आफू पुरानिएको सानो सङ्केत । समयसँग समयको भिडन्त, झडप ।

अश्मी चिच्याई- हजुर ! साहेब ! सवारी होइसियोस् । तर, उसलाई के थाहा छ ? अश्मीभित्र एउटा ज्वाला दन्किरहेको छ । जो उसलाई सल्काउन चाहन्छ । त्यो पुरुष भित्र पस्छ देख्छ- कृत्रिम सामग्रीहरूले शृङ्गारिएकी अश्मी । सोच्छ- आजको पहिलो सितन त निकै स्वादिलो छ क्यारे ! अश्मीले पनि साहेबलाई एकपटक सर्लक्क हेरी र सोची- उफ् ! यो पुरुषको ताल ! आफैंले आफ्नो हत्या...! ऊ मनमनै खित्का

छाडेर हाँसी । तर मुहारमा...? केवल फिक्का कटु मुस्कान । सोच्छे- 'साहेवलाई कति समय...?' पुरुष झस्कियो- हँ...! यहा पनि तगारो अनि स्वतन्त्रता ? उफ् ! यसले समय तोक्यो । उसलाई समयलाई गिरफ्तार गरेर कुनै भ्यालखानामा कोचिदिन मन लाग्यो । तर विडम्बना ! समयले उसलाई कैदी बनाइसकेको थियो । ऊ झोक्किदै बोल्यो- 'करिब ३ घण्टा..., यसको पारिश्रमिक ? दश हजार !' गोजी छाम्यो, तिऱ्यो । ढोका बन्द । निश्चित समयपछि ढोका खुल्छ । ऊ बाहिर निस्कन्छ- आधासरो चेत गुमाएर । लथालिङ्ग, लापरवाहीसँग । फेरि उस्तै आभासका साथ बेढङ्गो पाराले असन्तुलित खुट्टामा भारी जीउ बोकेर केही क्षण हिँड्दैछ । सोच्छ- 'स्वतन्त्रता खोइ स्वतन्त्रता ?' ऊ चालै नपाई रश्मीको ढोका ढकढक्याउन पुग्छ । बन्द ढोका खुल्छ । ऊ भित्र पस्छ । केही नबोली, चुपचाप, मौन रश्मीका अनुहारतिर एक टक हेर्छ । सोच्छ- यो अझ राम्री रहिछे, मोरी ! रश्मी पनि त्यही पाराले हेर्छे । सोच्छे- 'म निकै राम्री छु, तलाई मन पर्ने ।' ऊ रश्मीको सबै शर्त पूरा गरेर ढोका बन्द गर्छ । भोलिपल्ट आफूलाई आफ्नै ओच्छ्यानमा पाउँछ । 'यी अघिका घटनाहरू ? के सपना थिए ? अहँ, होइन ।' उसलाई प्रष्ट थाहा छ ३/३ वटीसँग रात बिताएको । ऊसले आफैँ आश्चर्य मान्यो- ती को थिए ? अश्मी उसकी स्वास्नी थिई, जसलाई एक लाखमा बेचिसकेको थियो । सश्मी उसकी बहिनी थिई, जसलाई ७५ हजारमा बेचेको थियो । रश्मी उसकी छोरी थिई, ऊ पचास हजारमा बेचिएकी थिई । यो अनौठा आन्दोलनको सपना थियो, जसलाई उसले बेचेको थियो । त्यसको प्रतिसोध व्यवहारको एउटा दृश्य, ऊ उठ्न खोज्यो तर विफल ! कमजोर, निःसहाय ऊ नजिकै टेबुलमा राखिएको कागज हेर्छ, जसमा लेखिएको थियो- 'एड्स' । यो समयमा नरपिशाचहरूले सोझा अश्मी, सश्मी र रश्मीलाई बिक्री गर्नुको एउटा विभत्स परिणाम हो यो- वेश्याहरूको आन्दोलन । ऊ जुरुक्क उठ्यो । वरिपरि कोही देखेन । ऊ छक्क पऱ्यो । कहीं यसले पनि सपना...? होइन ! होइन ! आफू लुटिएको खुल्ला आभास । दुई घण्टा यसको पारिश्रमिक- करिब पाँच हजार ! ऊ मख्ख पऱ्यो, समयको यति सस्तो

मूल्य ! तर, उसलाई के थाहा ? ऊ आफू सस्तो मूल्यमा लिलाम हुँदैछ । उसले पाँच हजारमा दुई घण्टा समय किन्यो अर्थात् अश्मीलाई दुई घण्टाका लागि किन्यो । यो कसका लागि ? आफ्नै लागि खरिद गरेको ...। यस अर्थमा उसले समयलाई किन्यो, न त अश्मीलाई किन्यो । उसलाई उसैले बिक्री गऱ्यो । यसलाई नङ्ग्याइसकेपछि समयले, अश्मीले उसलाई विदाइका हात हल्लाइदिन्छन् । बन्द ढोका खुल्छ । त्यहाँबाट ऊ लर्बरिँदै निस्किन्छ । मानौं, समय र अश्मीका कठोर बलबाहुहरूले उसलाई घोक्र्याउँदै बाहिर सडकमा हुत्याइदिए । निरीह पुरुषका अचेत, असन्तुलित खुट्टा बाहिर सडकमा निस्किए । स्वतन्त्रताको आभास शून्य । उसको मानसपटलमा केही समय अघिका दृश्य/उपदृश्यहरू आउन थाले- अश्मीको कोमल मुहार, उसका चम्किला आँखा, सलंक्क मिलेको जीउ । ऊ हाँस्यो । पुराना तस्वीरहरूबीच उभिएर सोच्यो- यो समयले मेरो स्वतन्त्रताको दमन गरिरहेछ, किन ? के अर्की परीसँग गएर मोजमस्ती गर्न सक्दिन ? कस्तो नामर्दो म पनि...? ऊ अगाडि बढ्छ । सश्मीको बन्द ढोका ढकढक्याउँछ । अश्मीजस्तै ऊ पनि बोलिन । सायद, परिवन्दले लाएको बलियो तगारो थियो मौनता ! जसको अर्थ पुरुषलाई स्वयम् नाङ्गिनुको आभास दिने एउटा निरर्थक प्रयत्न । प्रतीक्षाको घडी समाप्त ! अकस्मात् बन्द ढोका खुल्छ । पाल्नुहोस् साहेब ! उसको भित्र प्रवेश । देख्यो- अघिकाभन्दा विपरीत दृश्यहरू, जोसँग एउटा समय उसले भर्खरै बिताएर आएको थियो । उसले सोच्यो- म कतै गलत ठाउँमा त आइपुगिनँ ? नजिकै भित्ताभरि सश्मीका तस्वीरहरू झुण्डिएका देख्यो । ऊ आश्वस्त भयो- ए.. म ठीकै ठाउँमा आएँछु । ऊ नजिकै उभिएकी सश्मीले सोधी- हजुरलाई कति समय ? फेरि पनि उही समयको प्रश्न ! उसलाई झोंक चल्यो ।

परिवर्तन र सङ्घर्ष

कुखरी कां...!

कुखुरो उठ्यो । समयको सूचना र खाद्यान्नका लागि आह्वान हो यो मान्छेलाई ।

उसको कुम कुखुराको हूलले भरिएको छ । प्रातःकालीन समयमा कुखुराहरू यस्तै आह्वान/प्रत्याह्वान गरिरहन्छन्- मान्छेहरूलाई । उसको कुखुरा गोदाममा काला रङका कुखुराहरू, राता रङका कुखुराहरू, सेता रङका कुखुराहरूको बाहुल्यता छ । तिनबाट नीला रङका, पहेंला रङका र हरियो रङका चल्लाहरू जन्मिएका छन् । कुखुराहरूलाई आफ्नै रगतले बनेका चल्लाहरूप्रति आशङ्का छ । उनीहरूलाई आफ्नै रगतप्रति सन्देह छ । त्यसैले त आज मान्छेलाई खाद्यान्नको होइन, कुखुराहरूको पहिचानको लागि आह्वान हो । अनि अस्तित्व बचाबटको एउटा गुहार हो । पशुगत समाजको प्रश्न मानव समाजलाई । यो पहिलो स्वर हो समयलाई ।

कुखुराहरूको खैलाबैलाले मान्छे निन्द्राबाट ब्यूँझियो । हं... हं.. ! ऊ ब्यूँझियो । ऊ वर्तमान युगमा विकार मानिएको उही वर्णशङ्कर पुरुष थियो । उसको बाबु छूत जातको पुरुष थियो, आमा अछूत जातकी महिला थिई । उनीहरूको रगतको, वीर्यको संयोजनबाट जन्मिएको ऊ वर्णशङ्कर पुरुष थियो । आधा अस्तित्व बाबुसँग, आधा अस्तित्व आमासंग छ उसको । कुन समाजसंग मिलोस् ऊ ? नाइगो आइ भएको दलित समाजसँग ? अहँ, यो हुन सक्तैन । उच्च जातिहरूसंग ? होइन ! होइन ! यो पनि हुन सक्तैन । ऊ एउटा वर्णशङ्कर पुरुष, जो वास्तविक अस्तित्वको खोजीमा छ । उसले छोराछोरी जन्मायो, तर सन्तानहरू बेग्लै ऊभन्दा । कोही सेता रङका सन्तान, कोही नीला

रङका सन्तान, कोही सन्तान...। रङको भेदले मान्छेलाई मान्छेको भीडवाट अलग्याएको छ। यो रङहरूको भेदले नै मान्छेका विभिन्न रङहरू छुट्टिएको छ। उसलाई आफ्नै रगतप्रति विश्वास लागेन। उसले प्रश्न गऱ्यो- 'तिमीहरू के मेरै सन्तान हौ ?' यो मान्छेको प्रश्न मान्छेलाई। अर्थात् यो मानव समाजको प्रश्न यस समाजलाई। यो दोस्रो स्वर उही समयलाई...।

समय किन मौन छ ? ऊ यथार्थमा निरुत्तरित छ। यो वर्णशङ्कर पुरुष, सेता, नीला, हरिया रङका सन्तानहरू, कुखुराका विपरीत रङका चल्लाहरूको प्रश्नको जवाफ छैन समाजसँग। तर, समाजले तिनलाई ठाडो रूपमा बहिष्कार किन गऱ्यो ? त्यस दिनदेखि वर्णशङ्कर पुरुषका सन्तानहरू, कुखुराका नयाँ रङ्का चल्लाहरू ट्वाल्ल हेरिरहेको समयसँगै रुष्ट छन्। बन्द समयको गल्लीमा उभिएर उनीहरूले समानताका लागि परिवर्तनको गुहार मागे। तर, समयले उनीहरूलाई निराश बनाएपछि यौटा समानताको लागि युद्धको उद्घोष गरेका छन्। यसरी २१ औं शताब्दीको समानताको युद्धको सूत्रपात गरियो। आह्वान-प्रत्याह्वानबिना रक्तहीन युद्ध अर्थात् माउहरूको सन्तानहरूमाथि र सन्तानहरूको माउहरूमाथि आक्रमण/ प्रत्याक्रमणको सिलसिलाको शुरुआत भइरहेछ। यो शताब्दीले यसलाई कुनै हिंसा ठान्दैन। त्यसैले शताब्दी पनि चुपचाप छ, मौन छ। विज्ञानले यसलाई समयको सानो परिवर्तन ठान्ला। तर, समाजले यसलाई अभिशाप ठान्छ। अझै समाजमा अस्वीकृत प्राणीहरूको सङ्घर्ष रोकिएको छैन। यो २१ औं शताब्दीको सङ्घर्ष वर्णशङ्कर मान्छेहरूको, वर्णशङ्कर चल्लाहरूको स्वतन्त्रता, समानताको अघोषित सङ्घर्ष निरन्तर चलिरहेछ।

++

ऐनामा देखिएका प्रतिबिम्बहरु

पहिलो दिन विधुवी शारदाले ऐनामा आफूलाई नै टोलाएर हेरिरही । आँखाभरि आफ्नै प्रतिविम्व, पोटिला गाला, रसिला आँखाहरू, पुष्ठ पाखुराहरू, सर्लक्क मिलेको शरीर । अझै पनि उसलाई यौवनले पछ्याइरहेको थियो । तर, उसको सिउँदोको सिन्दूर, गलाको पोते, हातका चुराहरू खोसिएको थियो । एउटी विधुवी आइमाई थिई ऊ- सिउँदोको सिन्दूर पखालिएकी, गलाको पोते चुँडालिएकी, हातका चुराहरू फोडिएकी निरीह आइमाई । जो यी सारा लाउन त परै जावस् छुनबाट पनि सदा प्रतिवन्धित छे । यो प्रतिबन्ध कसका लागि ? बाँचेकी आइमाईका लागि या मरेको लोग्नेको स्वर्गवासका लागि ? कि अवला आइमाईहरूको मानसिकतामा जन्माइएका मृतक लोग्नेका भूतहरूको अस्तित्व बचावटको लागि ? यस्तै-यस्तै प्रश्न/प्रतिप्रश्नहरू गरिरही शारदाले- आफैँसँग । त्यत्तिकैमा ढोका कसैले ढक्ढक्यायो- ढक्...ढक्...ढक्...।

उसले झस्किएर ढोका खोली । सुवर्ण, उसको स्कुले जीवनको एउटा असल साथी उभिएको थियो सामुन्नेमा । ऊ शारदाको मृतक लोग्नेप्रति समवेदना दिन र शारदालाई सहानभूति दिन आएको थियो । सुवर्णलाई के थाहा ? उसको आगमनले शारदाका लागि पुरुषपन्थी संस्कारले परिपोषित मान्छेहरूको साँघुरो मानसिकताले जन्माएका भूतहरूसँग भयानक भिडन्त हुने गर्छ । यो भिडन्तकी शारदा विधुवी योद्धा थिई । उसले प्रत्येक पल यस्ता अनेकौँ भिडन्तहरू गर्नुपर्थ्यो । ऊ ढोकाबाट बाहिर ननिस्कँदै सासूआमाको सोधाइ हुन्छ- 'को हो त्यो पुरुष ? यसरी आइमाईले गति छाड्नु हुँदैन नि !' ऊ स्तब्ध ! चुपचाप । ओहो ! यो एउटा भूत हो । अनि त्यो पुरुष ? शारदाको अनुचित कामको उपज । ऊ केही पर पुग्छे ससुरा बा बोल्छन्- 'कता जान लाग्यौ बुहारी ? जथाभावि गर्नु हुँदैन है ! आइमाईले ।' ओहो ! यो अर्को भूतले तर्सायो । उसलाई किन कदमैपिच्छे यही समाजको संस्कारमा हुर्किएका

नपुङ्सक नरपिचाशहरूले सताइरहन्छन् ? के सिउँदोको सिन्दूर, गलाको पोते, हातका चुराहरू अनि सधुवी परिहन नै उसको रक्षाकवच हुन् त ? एउटा लोग्नेमानिसको मृत्युले शारदाका यी सारा कवचहरू खोसिए ? एउटा लोग्ने मान्छेको मृत्युले उसकी स्वास्नीसँग यी सारा चिजहरू खोस्छ भने उसले दिएका कवचहरू किन धारण गर्ने ? के आइमाईको कवचको रक्षा बाँचेका मानिसहरूले गर्न सक्दैनन् ?

दोस्रो दिन, उही ऐनामा उस्तै विधुवी आइमाई कृष्णाको फरक आकृति ठिङ्ग उभिन्छ । कृष्णाले पनि आँखाभरि आफैँलाई निकै भारी पाउँछे र सम्झिन्छे- उहिले आमालाई आशिष दिएको कुरा । कृष्णाले केटाकेटी छँदा आमाबुबा जिउँदै हुँदा 'मर्नुहोस्' भनेर नजिकैको कालीमाईसँग बरदान मागिएको थियो । अर्थात्, उसको आयु धेरै होस् भन्ने गुहार मागेकी थिई । कालीमाई पनि एउटी नारी नै होइनन् र ! फेरि नारीसँग नारीको मरणको गुहार माग्नु ? उसलाई समाजका भूतहरूका सन्त्रासले गाँजेको थियो । त्यसैले त कृपणा आमाको मृत्युको बरदान माग्न गएकी थिई । कालीमाईको पाषाणले बनेको मूर्तिले उसलाई कुनै बरदान दिएन, किनभने त्यो मान्छेले बनाएको देवता थियो । ऊ त पुरुषको आयु लम्ब्याउनको निमित्त मौजुत...! उसको नारी स्वरूप ? लिलाम बस्, लिलाम..!

तेस्रो दिन, विधुवी कृष्णाको सानो छोराले भन्यो- 'मम्मी ! तपाईं पनि नलिना, निशा, अशेष, राजेशको मम्मीले जस्तो रातो साडी लाउनु न ! ओहो ! मेरी मम्मी कति राम्री देखिनुहुन्छ होला !' यो अबोध शिशुलाई पनि सधुवी आमा चाहिएको ! एक प्रकारले उसलाई रातो सारी, चोलो, सिन्दूर, पोते, चुरा लाएकी एउटी सधुवी आमा चाहिएको छ । तर, अबोध शिशुलाई के थाहा ? यी सारा हकबाट निलम्बित छे उसकी आमा भन्ने कुरा ? उसकी आमा संस्कारका साङ्लाले यसरी कस्सिएकी थिई कि जसबाट उम्कने चेष्टा गर्नु एउटा निरर्थक कल्पनामात्र थियो । कृष्णाले हिजोअस्ति भरिलो देखेकी आफ्नो प्रतिबिम्ब केही थोत्रिएको आभास गर्छे । बैँसको मीठो स्पर्शले नअलग्याएका कृष्णाका पोटिला गालामा बैँस पाकेर वूढो भइसकेको छ । उसको बैँस कलिलैमा निमोठिएर वैलाएको छ । उसका पहिरनमा बैँस आँसुका धाराहरू

बगाउँदै एकनासले रोएको छ। कारण- उसको जँड्याहा लोग्नेको असामयिक अवसानले बैंस ऊबाट अलग्गिएको थियो। ऊ पुनः कहिल्यै कृष्णासँग एकीकृत हुन सक्दैनथ्यो। कृष्णाको बैंस जँड्याहा लोग्नेको अवसानपछि कहिल्यै हाँसेन, फुलेन। उसलाई पनि मानवरूपी शैतानहरूले मारिदिए। त्यसदिन एउटा बैंसको हत्या गरिएको थियो। विभत्स हत्या...! हत्याराहरू गिरफ्तार भएनन्। किनभने संसारभित्र संरक्षित छन्- हत्याराहरू। खै! कहिले गिरफ्तार गरिने हुन्? पर्खाइको समय अझै सकिएको छैन।

चौथो दिन, उही ऐनामा एउटा नौलो अनुहार देखापर्छ। त्यो अनुहार मायाको हो। जो एउटी जवान विधुवी आइमाई थिई। उसलाई पहिरनले खिज्याएजस्तो भान पऱ्यो। उसलाई आफूले लाएको पहिरन धूजा-धूजा बनाएर च्यातिदिन मन लाग्यो। र, सधुवी सासूको पहिरन खोसेर लाउन मन लाग्यो। उसले चारैतिर हेरी। चारैतिर बन्धनहरू ऊविरुद्ध मौजुत थिए। उसले आफूलाई संयमित राख्न सकिन। चिच्याएर रोई। आँसुहरू बगिरहे, बगिरहे.....।

पाचौं दिन, भर्खरै बैंस फुलेकी साधना। जो कलिलो बैंस नअङ्कुराउँदै विधुवी भएकी छे। त्यो ऐनामा उसको जिङ्गिरिङ्ग कपाल, धूलैधूलो लागेको अर्द्धनग्न शरीर, लाएका लुगाहरू च्यातिएकी ऊ एउटी बलात्कृत आइमाई हो। साधना, मान्छेहरूका आँखामा एउटी वेश्या युवती थिई। उसलाई देखेर समाज घिनाउँथ्यो। त्यो ऐनाले वर्षौंदेखि विधुवीका आकाङ्क्षाहरूको हत्या गरिरहेछ। प्रत्येक दिन उदाउँदो सूर्यले एउटा नयाँ जिउँदो शहीदको स्वागत गर्छ। आजको सूर्यको प्रश्न छ- किन नयाँ संस्कारको निर्माण हुँदैन? सावधान! सावधान! प्रत्येक पुरुषको अवसानपछि आइमाईलाई जिउँदैमा शहीद नबनाइयोस्! भोलिको उदाउँदो सूर्यले एउटा नयाँ शहीदको चाहनाको स्वागत गर्ने छैन।

२०५९/३/३१/२

मिर्मिरे मासिक, वर्ष- ३१, अङ्क- १०, पूर्णाङ्क- २१०, २०५९ माघमा प्रकाशित

मनबहादुर विश्वकर्मा

मेरो कोठाको दैलोमा सानी बच्ची उभिन्छे। मानौं, ऊ कुनै मूर्ति हो। ऊ सधैं उभिइरहन्थी। कुनै प्रश्नको जवाफ पाउनका लागि हो कि ? म उसलाई भित्र आउनका लागि डाक्थें। तर, ऊ सुन्या नसुन्यै गरेर अन्तै जान्थी। पहिलो दिन ऊ शर्माई जस्तो लाग्यो। उसलाई जबर्जस्ती गर्न सकिनँ। म पनि यस ठाउँमा नौलो मान्छे। भर्खर अस्तिमात्र यतातिर ओरालो लागेको। सबैसँग अपरिचत मान्छे म। एउटा घरको डेरावाल विद्यार्थी। मेरो दिनचर्या भनेको कलेज र डेरा धाउनु हो। म बाबुको एक्लो छोरो। एक्लो छोरो भए पनि मेरो परिस्थिति आमाबाबुको एक्ला छोराहरूको जस्तो थिएन। बाले मलाई यतातिर झर्ने बेलामा भन्नुभएथ्यो- 'बाबु तैंले हाम्रो कुलको इज्जत राखेस् है !' कठै ! मेरा बाको त्यो ठूलो सपना। कलेजमा अरू विद्यार्थीहरूले जस्तै मैले पनि आफ्नो नाम लेखें- मनबहादुर विश्वकर्मा।

त्यसदिनदेखि मानिसले नामले होइन जातले चिन्न थाले मलाई। अथवा, त्यस दिनदेखि मलाई उपल्लो जातिका मानिसहरूले हेप्ने-होच्याउने क्रमको थालनी भयो। प्रोफेसरजीहरूले आमविद्यार्थीहरूको माझमा समानताको पाठ रटाउनुभयो। तर, व्यवहारमा उहाँहरूले अघि रटाउनुभएको पाठको ठीक उल्टो। सायद, यी बच्ची मेरो एउटा प्रोफेसरजीकी छोरी होलिन्, मलाई यस्तै लाग्छ। तर, सानी बच्ची किन मेरो दैलो नजिकै आएर उभिइरहन्छिन् ? म अनभिज्ञ छु। सके बच्चीलाई बाबुआमाको एउटा त्रास छ।

अर्को सन्त्रास मेरो होला, त्यसकारण उनी कोठाभित्र पस्न सकिनन्।

अचम्म ! धेरै दिनपछि उनले मलाई प्रश्न गरिन्- 'अङ्कल तपाईं सानो जातको रे, फोहोरी हुनुहुन्छ हो ?'

सानी बच्चीको सोधाइले मलाई समानताको पाठ घोकाउने प्रोफेसरप्रति आशङ्का जाग्यो ।

मान्छेले मान्छेलाई गरेको थिचोमिचोप्रति घृणा जागेर आयो । मैले सोधें- 'तिम्रो नाम के हो, नानू ?'

उनले भनिन्- 'अनामिका शर्मा'

'तपाईंको अङ्क....?'

'मनबहादुर विश्वकर्मा'

'तपाईं घनको काम गर्नुहुन्न ?'

'गर्छु'

'अनि तपाईं त पढ्दै हुनुहुन्छ ?'

'हो, म पढ्दै छु'

अनामिकालाई उनको पहिलो प्रश्नको जवाफ दिन उचित ठानिनँ । मलाई लाग्यो- यी बालिकालाई समाजले उही पुरानै कुरा घोकाएको रहेछ । कस्तो अचम्म !

आजको शताब्दीमा पनि एउटी बालिका यसरी यथार्थबाट निकै टाढा रहन्छे र उही अबुझ, कुचेतनाको शिकार बन्छे भने यसलाई उपलब्धि भन्ने कि अधोगति ? अर्को दिन पनि दैलामा आएर ठिङ्ग उभिई उसरी नै । जबर्जस्ती तानेर भित्र हुलें । ऊ भन्दै थिई- 'नछुनू अङ्कल ! तपाईंले छोयो भने अछूतो हुन्छ ।' यो सानी बच्चीको आफ्नो आग्रह थिएन, उसमाथि समाजको कुसंस्कारले थोपरेको सङ्कीर्णताको चीत्कार थियो । मैले उसलाई प्रश्न गरें- 'नानी ! तिमी कहाँ अछूतो भयौ ? देखाऊ मलाई ।'

ऊ बोलिन, उभिइरही । सोच्दै थिई होला- म कसरी अछूतो भएँ भन्ने बारेमा । केहीबेरको मौनतापछि बोली- 'उसोभए म अछूतो भइनँ त अङ्कल ?'

हो, मान्छेले मान्छेलाई छुँदा कोही अछूतो हुँदैन । अब उसले मलाई स्कुलमा पढेको 'मान्छे सबै बराबरी' भन्ने पाठ पल्टाउँदै सोधी-

'अङ्कल ! स्कुलमा सरले हामीलाई सबै मानिसहरूलाई समान व्यवहार गर्नुपर्छ भनेर पढाउनु भएको छ । तर, तल्लो घरको प्रदीप, माथिल्लो घरको अजयलाई त्यसको उल्टो व्यवहार गर्नुहुन्छ किन ?' विचरा ! अनामिकाहरूलाई के थाहा ? तल्लो घरको प्रदीप, माथिल्लो घरको अजय जातको आधारमा उपल्लो जातका गुरु-गुरुमाहरूको अन्यायको मार खेपिरहेका छन् भन्ने कुरा । हो, म स्कुल पढ्दा यस्तै मार खेप्नुपर्थ्यो । यसबाट म अपरिचित छैन । तर, अनामिकाहरू आधुनिक सर-मिसहरूको अन्यायपूर्ण व्यवहारबाट अपरिचित छन् । जसले समाजलाई उज्यालोतर्फ मोड्ने शक्तिको रूपमा सम्मान पाएका छन्, तिनीहरूका चेतनाका आंखा बन्द थिए । म टोलाइरहें । यी बन्द आँखाहरू कहिले खुल्ने होला ?

२०५८/८/१/६

रेष्टुराँ

सहरको केही वाहिरको भागमा रहेको एउटा अत्याधिक व्यस्त रेष्टुराँ हो- सोनी रेष्टुराँ । जहाँ हरवखत ग्राहकहरूले खचाखच भरिएको हुन्छ । विशेषगरी साँझदेखि अवेरसम्म मानिसहरूको भीड हुन्छ । डान्स र विभिन्न गीत/सङ्गीतका धूनहरूले रेष्टुराँको वातावरणलाई सङ्गीतमय वनाउने गरेका छन् । साँझको समय मानिसहरूको वढी चहलपहल हुने गरेको छ । ग्राहकहरू कोही रक्सी र वियरका वोतल, कोही ह्विस्कीका वोतलहरूका साथ भर्खर जवानी फुलेका युवतीहरूका इङ्गलिस, चाइनिज, जापानिज डान्सहरूको मज्जा लिइरहेका छन् ।

पुलिसको निगरानीबाट बाहिर रहेको यो रेष्टुराँमा जसलाई जे गर्ने पनि छुट छ । यहाँ यौनकुण्ठाले ग्रस्त मानिसहरू पनि आउँछन् । यस्ता मानिसहरूलाई सन्तुष्टि दिन वेश्याहरू पालिएका छन् । उनीहरूले यहां आउने मानिसहरूलाई भौतिकरूपमा मात्र होइन, शारीरिक र मानसिकरूपमा पनि तृप्तता प्रदान गर्छन् । त्यसैले यहां सरकारी कार्यालयका उच्च ओहोदाका कर्मचारीहरूदेखि पुलिसका अफिसरहरूसम्म जिन्दगीको रोमान्स भोग्न आउँछन् ।

यिनीहरू पनि कुन चाहिं चोखा मानिसहरू हुन् र ? चोखा भएको स्वाङ् पार्छन् । मानिसको स्वभाव चोखो भएको स्वाङ् रच्न मन पराउने खालको हुन्छ । यो रेष्टुराँका महिला, पुरुष यौनकर्मीहरू वाहिर हिँड्दा चोखा भएको अभिनय गर्छन् । मानव सभ्यताको विकासले चरमचुली नाघिसकेको छ । यो समयमा यी कुराहरू हुनु स्वाभाविक हो । किनभने, मानिसहरूको उच्च महत्वाकाङ्क्षाका कारण यो नियति भोग्नु समान्य कुरा हो । स्वतन्त्रताको चरमसीमा नाघ्न पाउनु आजको मानिसको स्वतन्त्रताभित्रै जोडिएको सवाल हो । त्यसो त गोलाघरका कैदीहरू

पनि आफूलाई सज्जन भएको ठान्छन् र त्यस्तै खालको बडो गजबको अभिनय गर्छन् । यहाँका डान्सरहरूसँग जसरी भएपनि ग्राहकहरूलाई सन्तुष्टि दिऊँ भन्ने आकाङ्क्षा हुन्छ ।

तर, पुरुष ग्राहकहरू चाहिँ कसरी यी भर्खरका यौवनले उन्मत्त केटीहरूको वक्षस्थल, स्तन, नितम्ब तलको संवेदनशील भागसम्म हात पुऱ्याएर फाइदा लिने भन्ने कुराले ग्रस्त छन् । यौन वासनाले आशक्त हुनेहरू नशाको सुरमा उठेर डान्समा सामेल हुन्छन् । यौनकुण्ठा यिनीहरूभित्रको अव्यक्त मनोदशा हो । डान्स गर्ने बहानामा हल्लिँदा पनि युवतीहरूको कोमल शरीरको मीठो स्पर्श हुन जान्छ । उनीहरूका कोमल हात समात्न सकिन्छ । यस मामलामा महिला ग्राहकहरू सङ्ख्यामा थोरै भएता पनि कहाँ कम छन् र ! यस्ता उन्मुक्त क्षणहरू भोग्न जिन्दगीमा को चाहिँ लालायित हुँदैन होला ? महिलाभित्र चाहिँ त्यस्तो चाहना भनै पर्ने ? महिला मानिस होइन ? ऊभित्र यौनजन्य भावना, चाहना हुनु के कुनै अपराध हो ? तर, यो रेष्टुराँमा सामान्यभन्दा सामान्य स्वस्थ महिलाहरूको आवतजावत हुने भएकाले यहाँ महिलाहरूले ह्विस्की र बियरको चुस्कीसँगै महङ्गा-महङ्गा सिगरेटका धूवाँको मुस्लो उँभो उडाउँदै गरेका देखिनु त सामान्य दृश्यहरू हुन् । सभ्यताले जति खुड्किला पार गर्दै जान्छ, त्यति मानव मूल्यका कुराहरू यो लोकबाट नै विलीन हुँदै जान्छन् । अन्त्यमा, जीवन यान्त्रिक बन्छ । जिन्दगीको मज्जा भोग्ने लालसा सबै व्यक्तिहरूमा हुन्छ । यहाँ वच्चा भएका महिलाहरू उस्तै हालतमा हुन्छन् । उनीहरूमा नेपाली लवज देखिँदैन । छोटा, टाइट स्कर्ट, नाइटो देखिने, माथिसम्म खोलेको ब्लाउज लाउँछन् । शिरमा सिन्दूर होइन, क्याप लाउँछन् । कपाल पनि किरिङ् पार्ने मन पराउँछन् । गलामा पोते, हातमा चुरा, कानमा टप, खुट्टामा पाउजु लाएका महिलाहरू त यहाँ विरलै मात्र देखिन्छन् । यहाँ आउने छोराछोरीका आमाहरूमा पनि जीवनका वासनामय क्षण भोग्ने रहर कहाँ हराएको छ र !

त्यसैले त उनीहरूमा भर्खरका किशोरीजस्तै आकर्षक बन्ने चाहना छ । उनीहरू दिनदिनै ब्यूटी पार्लरहरूमा धाउँछन् । आफ्ना ड्रेसहरू दिनैपिच्छे फेर्छन् । र पनि किशोरावस्थाका मानिसजस्तो सुन्दर कहिल्यै देखिन सक्दैनन् । तर, उमेर जति ढलिसक्दा पनि उनीहरूमा त्यो चाहना स्वाभाविकरूपमा छ । क्रिमपाउडर, गाजल घसेर अर्धनग्न, कामुक ड्रेसका साथ देखिन्छन् । महिलामुक्ति र समानताका स्वरहरू उठिरहेको समयमा यी आधुनिक महिलाहरूले खै कति उपभोग गरे ? के यी कुराहरूको प्रयोग यसरी नै हुनुपर्छ ? यो आधुनिकताभित्र मातृवात्सल्य किचिएको छ । एउटा नवजात शिशुले आमाको स्तनको दूध चुस्न पाउँदैन । उसले आमाको दूधको मुन्टो मुखमा हाल्नासाथ उसकी आमाको भ्रमको आधुनिकताभित्र ठूलो चोट लाग्नेछ । किनभने उसकी आमा अचेल आधुनिक महिला बनेकी छे । शिशुकी आमा भर्खरै रक्तस्राव भएकी तरुनी युवती बन्ने चाहनामा विलुप्त छे । किनभने, उसमा छोराछोरी जन्माउँदेमा वैंसालु मनका अन्तरचाहनाहरू मरेका छैनन् । लोग्नेसँग मीठो सहवास गर्ने यौन अतृप्तिको मनोकाङ्क्षा अझै पनि छ ।

यही मनोदशाले किचिएकी आजकी आधुनिक आमा आफ्नो सन्तानलाई माया-ममता दिन त परै जाओस्, समयमा खाना खुवाउन पनि सक्दिन । नवजात शिशुको दूध र मातृस्नेहको मागप्रति बेवास्ता गर्दै काँचको बोतलमा पाउडर दूध हालेर दूधदानीको बिर्को लाएर मुखमा हालिदिन्छे । विचरा ! भोकाएको शिशु मुखमा जे हालिदिए पनि आमाको दूध ठानेर तनतनी तान्छ । बच्चाले आमाको दूध खाएको सन्तुष्टि दूधदानीबाट लिनुपरिरहेको छ । आफ्नो दूध नआएको स्वाङ् पार्छे आमा । भित्रभित्रै सौन्दर्यमा कमी आउने सन्त्रासले ग्रस्त छे । त्यसैले दूध सुक्ने औषधिहरू खाइरहेकी छे । यो हो- आधुनिक आमाहरूको आधुनिक युगले थिचेको मातृत्वको विभत्स अन्त्य र त्यसको पीडाले किचेको एउटा मनोपीडा, जुन आमाको मनको एक कुनाबाट आर्तनादका

स्वरहरू बोकेर चिच्याइरहेछ । त्यो चिच्याहट सुनिदिने कसले ? नवजात शिशुका मातृवात्सल्यका मागहरू सुनिदिने कसले ? यहाँ दुवैको चाहना किर्चिदिएर भित्रिरहेछ- आधुनिकताभित्र प्रवेशको मानव चेतना, अवचेतना ... ।

आधुनिक बाबुहरूको पनि चाल उही हो । उनीहरू घरमा स्वास्नी, छोराछोरी भएको कुरा कहिल्यै कसैलाई बताउन चाहँदैनन् । किनकि, ती छन् भन्ने चाल पाए भने राम्रा-राम्रा केटीहरू पट्टिँदैनन् भन्ने एउटा ठूलै सन्त्रास छ मनभित्र । बिचराहरू ! के गरून् ? यौवनले उन्मत्त युवतीहरूको अगाडि आफ्ना श्रीमतीहरू जब सौन्दर्यहीन बन्न पुग्छन् । त्यसो त श्रीमतीहरूलेमात्र सन्तुष्टि पनि दिन सक्तैनन् । अनि केटीहरूको अगाडि-पछाडि नलागी गर्ने के ? । थुइक्क ! लोग्नेमानिसको जात ! घरमा दशवटी श्रीमती भए पुग्दैन । ऊ अलिक भर्खरका युवतीहरूलाई देखेपछि च्याल चुहाइहाल्छ ।

आजकलका केटीहरू कम बाठा हुन्छन् र ! उनीहरूले बूढा, अधबैंसे प्रेमीहरूलाई सजिलै मायाप्रेमका कुराहरू गरेर काफी पैसा धुत्न र जिन्दगीको मज्जा भोग्न जानेका हुन्छन् । केटीहरूका लागि बूढा, अधबैंसे लोग्नेमानिसहरू चेस र क्यारम बोर्डका गोटीहरू हुन्, जो प्रतिव्रता स्वास्नी र फूलजस्ता छोराछोरीको माया चटक्कै भुलेर यी भर्खरका युवतीहरूका खेलौना बनिरहेका छन् । उनीहरू प्रेम वासनाका कुराहरूले विलासिताको चरम सुख भोगिरहेका छन् ।

रेष्टुराँका वेश्याहरू आफ्नो जीवनयापनका लागि रातमा सँगै सुत्ने ग्राहकहरूको खोजीमा हुन्छन् । मानौं, यिनीहरूसँग आफ्ना चाहना, भावनाहरू मृत अवस्थामा पुगिसकेका छन् । जिन्दगी गाँस, बास र कपासका लागि लिलाम भैरहेको छ । समाजले यो कर्मलाई अवैध र निकृष्ट कार्य ठानेर हेरे पनि उनीहरूको बाँच्नुको पीडालाई के समाजले बुझेको छ ? जिन्दगी जस्तोसुकै काम गरेर पनि बाँच्नुपर्ने विवशता यहाँका पेशेवर वेश्याहरूसँग छ । के यिनीहरूको जिन्दगीलाई

नजिकबाट हेरेको छ कसैले ? गरेको छ त केवल उनीहरूमाथि कठोर वचनबाणहरूको प्रहार ....। समाजका प्रतिष्ठितदेखि सामान्य व्यक्तिसम्मले हेयको दृष्टिले हेर्ने पेशा हो यो । यो पेशा अपनाउनेहरूलाई सबैले घृणा गर्छन् । तर के गर्ने ? अपहत्ते गरेर मर्न पनि सकिँदैन । अनि के उनीहरूको पेशालाई घृणा गर्ने समाजका गन्यमान्य महोदयहरूले यिनीहरूका बालबच्चाहरूको लालनपालन र मुखमा माड हालिदिने गरेका छन् ? यतिमात्र होइन, दिनमा यिनले बोलेका सभ्यताका कुराहरू रातमा स्वयम्ले कतिको पालना गर्छन् ? दिउँसो यिनै निरीह पेशेवर वेश्याहरूका विरुद्धमा फलाक्नेहरू रात उनीहरूसँगै बिताउने गर्छन् अथवा रातमा उनीहरूसँगै सुत्ने गर्छन् ।

यहाँका कादमारहरूको बिहान सबेरैदेखि बेलुका अबेरसम्म काममा खट्नुपर्ने विवशता छ । घरमा बालबच्चाहरूको हेरचाह गर्न पाउँदैनन् । उनीहरूका बालबच्चाहरू कुनै हेरचाह, कुनै स्याहार-सुसारबिना नै हुर्किन्छन् । मानौं, सुनाखरी आकाशको असिना खाएर धरतीको धूलो खेपेरै हुर्किन्छन् । त्यस्तै, यहाँका कामदारका बालबच्चाहरू हिउँदको कठ्याङ्ग्रिने जाडोको समयमा बाबुआमाको न्यानो काखको न्यानोपनामा खेल्न नपाए पनि बर्खाको घामपानीसँगै खेल्दै हुर्किन्छन् । यहाँका तरुनी महिला कामदारहरूमाथि उत्ताउला स्वभावका ग्राहकहरूले आँखा झिम्क्याउनु त सामान्य कुरा हो । तर, केहीलेकाहीं विलासिताले मात्तिएकाहरू त उनीहरूका कोमल शरीरमाथि जबर्जस्ती गर्न खोज्छन् । तरपनि बेरोजगारहरूको हूलमा उनीहरूले पाएको यो काम अमूल्य छ । भोको पेट र नाङ्गो आङ्का लागि यो काम गरिरहेका छन् । बेरोजगार बस्नुभन्दा यस्तै भए पनि काम गर्न बेश ठान्छन् यी केटीहरू । कहिलेकाहीं काममा सानो गल्ती भयो भने मालिक साहेबको नमीठो हप्काइ खानु बानी परिसकेका छन् यिनीहरू ।

यिनीहरू बिहान सबेरैदेखि साँझ अबेरसम्म मेसिनजस्तै खट्छन् । तर, तलब ? तलब भने खटाइ अनुसार थोरै नै छ । कहिलेकाहीं

ग्राहकहरू उनीहरूको सेवाबाट सन्तुष्ट भएर दुई/चार रुपियाँ दिए भने उनीहरू अहोभाग्य ठान्छन् । बाहिर सडकमा राजनीतिकर्मीहरू श्रम शोषण भयो भनेर नारा लगाइरहेका छन् भने कोही 'श्रमको मूल्य बढाइदेऊ' भनेर चिच्याइरहेका छन् । उनीहरूका शोषण, उत्पीडनका आवाजहरू सुन्न कसलाई फुर्सद ? कामदारहरू थुप्रै बेरोजगारहरूका भीडमा काम पाउनु अहोभाग्यको कुरा ठान्छन् । नठानून् पनि कसरी ? यी कामदारहरूका कामको मूल्यसँग थुप्रैको जिन्दगीको प्रश्न जोडिएको छ । अर्थात् उनीहरूको जिन्दगीसँग थुप्रै जिन्दगीको दालभातको सवाल जोडिएको छ । त्यसैले यहाँका कामदारहरू नियति /परिनियतिका हण्डरहरू खेपेरै भए पनि नूनको सोझो गरिरहेका छन् ।

त्यसैले, कामदारहरू कामको बोझबाट केही क्षण मुक्त भएर रेष्टुराँ बाहिर पाइला हाल्नासाथ कालकोठरीको उकुसमुकुस वातावरणबाट फुत्केको आभास गर्दछन् । रेष्टुराँभित्र छिर्दा निस्सासिँदो वातावरणसँगै आफू हराएको एउटा खल्लो अनुभूति...। आखिर जसरी भए पनि ग्राहकहरूलाई आनन्दानुभूति समर्पण गर्नु नै छ । कति फरक छ बाँच्ने शैली- यहाँका कामदार, मालिक र ग्राहकहरूमा ? जे जस्तो भए पनि मानिसहरूका आ-आफ्नै जिन्दगीका बाटाहरू छन् । हिँड्नु नै छ, हिँडिरहेका छन् । यो सोनी रेष्टुराँ त एउटा साक्षी मात्र हो । मानिसको जिन्दगी बाँच्ने शैली । यो आधुनिकताको कहिल्यै नविलाउने एउटा अमूर्त दृश्य .... ।

२०६१/८/१६/४

२१ औं शताब्दीको सर्वोत्कृष्ट फिल्म

दिमाग सन्किएकी कान्छीमाई धरानको बस स्ट्याण्डमा देखापर्छें। उसको साथमा केही थोत्रा कागजका पानाहरू र एउटा ग्लास छ। ऊ त्यो ग्लासलाई केटाकेटीले गट्टी खेलेको तालमा उफार्दै तलतिर-मास्तिर गर्दै डिस्को डान्स गर्दैछे। म उसको त्यो डान्स एकनासले हेरिरहन्छु। उसलाई देखिरहेछु आँखाहरू भरिभरि...! सोचिरहेछु- कति सस्तो डान्स ? कसैले वास्ता नगरेको। कसैका आँखा ऊमाथि परेको भए पनि कति निरर्थक ? त्यसो भए यसको सार्थकता बिल्कुलै छैन त ? यो डान्सको लोकप्रियता के ? पर्दामा भए यसको मूल्य कति ? यसका दर्शक/स्रोताहरू कति ? म अर्कोपट्टि फर्कन्छु, देख्छु- दुईवटा कुस्तीवाजहरू निकै बलिया। तर, यो भिडन्त पनि मान्छेहरूका आँखामा परेर ओझेलिएको सोच्छु। कुनै मैदानमा भए यिनका दर्शकहरू कति ? अर्कोपट्टि फर्किन्छु, सुन्छु- सङ्गीतको संयोजनाविनाको सुरिलो गीत। उही प्रश्न उठाउँछु- यसको सार्थकता...? अर्कोपट्टि फर्किन्छु, देख्छु- आफू नजिक सोधिरहेका कुल्लीहरू- 'यो भारी कता लाने दाइ ?' म एकपटक त झस्किएँ, तर मौन रहें। मलाई चेत थियो- यी सस्ता कलकारखानाहरूको अभिनय अवलोकन गर्ने सस्तो दर्शक बनिरहेको छु। कतैबाट भ्वाट्ट कसैले मतर्फ औंल्याउँदै भन्यो- 'ए ! नसोध, देशीमान्छे जस्तो छ, अहिले ध्जबत भन्देला !' सोचें- के म नेपालीजस्तो छैन ? केही क्षणको स्तब्धता ! त्यो स्तब्धताभित्र एउटा प्रश्न टक्क उभियो- के यहाँका प्रत्येक मान्छेहरूसँग मेरो पूर्वपरिचय भएको थियो ? अहँ, पटक्कै थिएन।

यसैकारण त मलाई सन्तोष छ। किनभने मसँग महङ्गा

मान्छेहरूलाई असुल्ने कुनै मूल्य थिएन । मसंग थिए त सस्ता मान्छेहरूलाई नजिकैवाट हेर्ने सस्ता उल्लास र उमङ्गहरू...। मेरो क्यामेराले खिचिरहेको थियो- सन्किएकी कान्छीमाईका अश्लील भनिएका तस्वीरहरू, कुस्तीवाजका नाङ्गा तस्वीरहरू अनि सुरिला गीतिएल्वमहरू र भरिया भाइको 'यो भारी कता लाने दाजु'का आवाजहरू । यी नाङ्गा पात्रहरूले यो युगलाई ननङ्ग्याएका छन् र ! सोच्छु- कुनै मानिस ननाङ्गिनुको के सार ? समयलाई मान्छेले नाङ्गो पारेपछि मान्छे स्वयम् नाङ्गिनु/ननाङ्गिनु अब मान्छेका दृष्टिमा असर देखिने छैन । नेपथ्यबाट कसैले आवाज उठाउँछ- २१ औं शताब्दीका मानिसहरू के नाङ्गा नै छन् ? यो कुनै हल, कुनै पर्दाविनाको सर्वोत्कृष्ट नेपाली फिल्म हो ।

२०५७/६/२

पर्दा, समय र मान्छेहरु

पर्दा नं. १

कुनै नामबिनाको हल । खचाखच दर्शक स्रोताहरूको भीड थियो । तर, प्रत्येक चुपचाप, मौन थिए । मानौं, कुनै जन्तु नै छैन । निर्जीव भव्य हलमात्र छ भन्ने भान पर्न सक्थ्यो । त्यहाँ प्रत्येकको ध्यान, दृष्टि एकैसाथ ऊ... त्यो अनौठो खालको पर्दामा एकीकृत भएर उभिएको थियो । सबै उत्सुकताका साथ पर्दामा आँखा गाडेर आज्ञाकारी शिष्यलेझैं हेरिरहेछन्, हेरिरहेछन् । मानौं, पर्दासमक्ष कसैका मनहरू टाँसिएका छन् । कसैका मुटुहरू टाँसिएका छन् । कसैका मस्तिष्कहरू । सबैका आँखाहरू त्यो पर्दामा गएर टक्क अडिएका छन् । त्यत्तिकैमा पर्दा खुल्छ र मानवाकृति देखापर्छ । त्यो आकृति राकेशको थियो । राकेश पुराना क्यालेन्डरहरू झुण्डिएको ठाउँमा पुग्छ । टोलाएर एकनासले हेरिरहन्छ- पुराना समयहरू र उही खलपत्रे क्षणहरू भित्ताभरि टाँसिएको देख्छ । उसको मानसपटलमा एउटा प्रश्न आएर उभिन्छ- के हो यो ? केहीदिन यता उसको मानसपटलमा अटेसमटेस भएर झरेका समयहरू, झरेका पलहरूले सताइरहेछन्, किन ? ऊ... त्यो झुण्डिएको क्यालेन्डर ऊसँग साउतीको भाषामा भन्दै थियो- 'तँबाट अलग, तँबाट छुट्टिएका, तँबाट च्यातिएका समयहरू र तेरो अङ्गअङ्गको करणी गर्छु म निरन्तर, के तँलाई थाहा छ ? राकेश एकपटक झस्कियो र गम्भीर भएर सोच्न थाल्यो- के यसले मेरा प्रत्येक अङ्गहरूको मीठो सितन बनाएको हो ? ऊ नेपथ्यबाट वाहिर निरर्थकसँग चिच्यायो । मान्छेहरूको स्तब्धता ! उसको चीत्कारले मान्छेहरूको मौनतामाथि केही असर गरेन । अर्थात्, उसको आवाज मान्छेहरू कसैको कानमा नपरेको भान हुन्थ्यो । उही मौनता र उही शून्यता...! किन कोहीको आवाज सुनिँदैन ? किन कोही बोल्दैन ? ऊ फेरि सोचमग्न भयो । उसले अघिल्तिर हेऱ्यो, देख्छ- त्यहाँ थुप्रै वसन्तहरू बलात्कार, थुप्रै वर्तमानहरू त्यसको शिकार भएका ।

वल्ल उसले चाल पायो- शून्यताको भेद अनि स्तब्धताको कारण । भेद खुल्यो र कारण पनि खुल्यो । समय सबैको शासक थियो । प्रत्येक मान्छेहरू उसका आज्ञाकारी प्रजाहरू थिए । राकेश समयसँग कर्‌कियो- 'के समयलाई त्यो स्थानमा स्थानान्तरण गराउनेलाई बिर्स्यो ?'- यो उसको एउटा प्रश्न हो समयका लागि । पर्दा बन्द...!

पर्दा नं. २

बन्द पर्दा खुल्छ । मान्छेहरूको कोलाहलबीचमा अकस्मात सुनिन्छ- 'मैले त्यसलाई जितें...अरे...पछ्यारें'- कसैको ठूलो हुङ्कार...। फेरि उही आवाज- 'ऊ... त्यहाँ छ, ऊ... त्यहाँ छ ।' राकेशलाई लाग्यो- ऊ नजिकै कोही छ, जो कसैसँग भीषण युद्ध लडेर आएको हो । राकेश त्यतैतिर दौडियो । केही क्षणमै गन्तव्यमा पुग्यो । तर, सोचेभन्दा विपरीत देख्यो । उसले आफूसामु एउटा रोगी मान्छेको मृत्युसँग सङ्घर्ष देख्यो । र, त्यस तानाशाही समयसँगै डाक्टर, नर्सहरूको एउटा सक्रिय सङ्घर्ष...! राकेशलाई निर्दयी समयसँग निकै रिस उठ्यो । ऊ भित्रभित्रै मुर्मुरियो, रन्थनियो र फेरि त्यही पुरानो क्यालेन्डर नजिक पुगेर टक्क अडियो । क्यालेन्डरका पानाहरू पल्टाएर जाँच्यो- ए ! यो रोगी मान्छेको सङ्घर्ष केहीक्षणका लागि ? केहीक्षण पछाडि उसको मृत्यु निश्चित छ । अनि त्यो परिवन्दले समयसँग डाक्टर नर्सहरूको सङ्घर्ष ? सबै निरर्थक हो त ? अहँ, यो हुनै सक्तैन- राकेशले सहजै नकार्‌यो । उसलाई त्यो क्यालेन्डरसँग घृणा जाग्यो । उसलाई समयलाई टुक्रा-टुक्रा बनाएर च्यातिदिन मन लाग्यो । केहीक्षणपछि रोगी मान्छेको लास...! सबैका अनुहारमा शोक र स्तब्धताको भाव पढ्न सकिन्थ्यो । राकेशको इच्छाको विभत्स मृत्यु ! रोगीका आफन्तहरूका उसलाई बचाउने सपनाहरूको मृत्यु । ऊसँग भएको समयको मृत्यु । डाक्टर, नर्सहरूको जीवन बचाउने सङ्घर्षको एउटा पीडादायी मृत्यु । प्रत्येकको मृत्युपश्चात् पनि नेपथ्यबाट आवाज सुनिन्छ- 'जीवनविनाको मृत्युको के अर्थ ? नयाँ शुरुवातबिनाको मृत्युको के अर्थ ?' ऊ कर्‌कियो- 'किन कोही बोल्दैन ?' यो समयलाई अर्को प्रश्न हो ।

पर्दा नं. ३

प्रतिबन्ध ! प्रतिबन्ध ! प्रतिबन्ध ! बाहिरबाट कसैले चिच्यायो । राकेशले

त्यतैतिर आँखा सन्कायो । उसको नजिकै एउटी यौवनले भरिएकी युवती आत्महत्या गर्न तम्सिरहेकी देख्यो । युवती जीवनबाट विरक्तिएकी थिई । ऊ निराशाबाट मुक्ति चाहन्थी, अनि जीवनबाट सदाका लागि स्वतन्त्रता चाहन्थी । तर, के मर्ने मात्र जीवनको स्वतन्त्रता हो त ? जीवनको मुक्ति हो त ? त्यो त कायरता हो । तर, किन मृत्युमात्र मुक्ति भन्ने भ्रममा छन् मान्छेहरू ? राकेश हत्तपत्त त्यो युवतीलाई बचाउन दौडिन्छ । समयको निरङ्कुशतामाथि एकचोटि झम्टिन्छ । क्रूरतामाथि जाइलाग्छ । अन्ततः राकेश त्यो युवतीलाई मृत्युकुण्डबाट बाहिर निकाल्न सफल हुन्छ । युवती, जसलाई राकेशले मृत्युबाट एकपटक बाहिर निकालेको थियो, ऊ रुँदै भन्दै थिई- 'म तँसँग लड्छु ।' सबै मान्छेहरू स्तब्ध ! मान्छेहरूका आँखा र मनले प्रश्न गरिरहेका थिए- मृत्युबाट निलम्बन गर्नुको कारण ? के उसको छोराछोरीप्रति कुनै दायित्व छैन ?

पर्दा नं. ४

राकेश सचेत अवस्थामा थियो । ऊ आफूलाई जीवनको लामो अन्तरालमा बाँच्नुसँग सङ्घर्ष गरिरहेको पायो । यो जीवनयात्रामा कयौं मान्छेहरूको सङ्घर्ष उसले आफ्नो आँखाले देखेको छ । समयले निरीहता लुकाएर नारा लगायो- 'मान्छे जिन्दाबाद ! मान्छे जिन्दाबाद ! मान्छे जिन्दाबाद !' चाउरी परिसकेको, कपाल पाकिसकेको राकेश खुसीले पागल भयो । अब ऊ थाक्यो । उफ् ! खुइय गर्दै लामो सास फेऱ्यो । एकछिनपछि लम्पसार पऱ्यो र जीवनको अन्तिम सास फेऱ्यो । राकेशको जीवनयात्रा यहीं समाप्त भयो । नेपथ्यबाट आवाज आयो- यो पुरानो समयको मृत्यु, एउटा नयाँ समयको आगमन...। के यो मान्छेलाई तोकिएको जिम्मेवारी होइन ? आगतसँग एउटा नयाँ राकेशको उत्साह छैन ? जसलाई कुनैपनि समयले नकार्न सक्दैन । यो अन्तिम प्रश्न छ- उही समयलाई । यो क्रम मान्छेको समयसँग र समयको मान्छेसँग अनन्तकालसम्म चलिरहने छ । अनि पर्दा ? त्यो जीवनयात्राको साक्षात् प्रमाण...!

लालबहादुर, जुत्ता र प्रजातन्त्र

यो जुत्ता लाएर हिँडिदिनोस् हजुर, किनभने तपाईंको इज्जत खुट्टामा पनि छ। हजुरलाई यो जुत्ता एकदमै सुहाउँछ। हाम्रोजस्तो छ्याकेखुट्टालाई के सुहाउँथ्यो ? भनेर चिच्याई-चिच्याई जुत्ता किन्ने आग्रह गरिरहेको छ- सडकको कुनै एउटा कुनामा बसेर ग्राहकहरूलाई। जो घामको ताप र वर्षात्को मार दुइटै गाँसेर भरेको छाक टार्ने सुरमा छ। जो आफ्नो श्रमलाई सस्तो दाममा बेचेर भोको पेटको डाह शान्त पार्ने खोजाइमा रातदिन यसरी चिच्याइरहेको हुन्छ। ऊ भनिरहेको छ- 'हजुरलाई सस्तोमा दिन्छु, लानुहोस् हजुर, मलाई जुत्ताको शोख छैन।' कति निरीह छ ? त्यो सार्की। अफ्सोच् ! एउटा बाँच्ने चाहनामा उसको सारा बर्गत् खर्चिएको छ। उसलाई जीवन बाँच्नु नै एउटा ठूलो पहाड उठाउनु जस्तो बोझ लागिरहेछ। तर, जिन्दगीलाई प्यारो ठान्नेहरूमा ऊ पनि एउटा जन्तु हो। ऊ बाँच्ने धुनमै छ। जिन्दगीसँग हार्नेहरू अपहत्ते गरेर मर्छन्, तर, उसले कहिल्यै जिन्दगीसँग हारेको छैन। त्यसैले बिहान सबैरै उठेर आफ्ना भगवान्सँग प्रार्थना गर्छ- 'प्रभू ! आज मैले खाली हात फर्कन नपरोस् !' तर, उसको अनुनय ढुङ्गाको मूर्तिले के सुन्थ्यो र ! ऊ त मौन रहने मान्छेले बनाएको एउटा अचल मूर्ति न थियो। सार्की देवतालाई आफ्नो गुहार सुनाएर सडक पेटी छेउतिर लाग्छ र 'हजुर, बुटपालिस नगर्ने ?'- प्रश्न गरिरहन्छ। सायद, उसको प्रश्न कसैले सुनेकै छैन। मानौं, उसलाई कसैले देखेको छैन। मेरो घर सडकनजिकै थियो। त्यसैले उसको चिच्याई सुन्न बिहान सखारैदेखि झमक्क साँझ परुञ्जेलसम्म मेरा कानहरू अभ्यस्त भइसकेका थिए। यो कुनै ठूलो अभिलाषा बोकेको चीत्कार थिएन, केवल एउटा बाँच्ने माध्यम। ऊ सधैं बिहान सखारै मेरो घर आउँथ्यो।

घरका २/४ जना सदस्यहरूका बुटपालिस गर्थ्यो र जान्थ्यो । यसो गर्नु उसको सोख होइन । हिजो बेलुका खाएको भातको भरमा बसेका साना केटाकेटीहरू 'बिहान भात कहिले खान पाउँला ?' भनेर बाबुको पर्खाइमा छन् । बालबच्चाहरूका खाली पेट भर्न उसले असुलेको दामबाट केही मूल्य बराबरको खानेकुरा किनिदिएर भोको पेटको अतृप्तता मेटिदिने तीव्र लालसा । मानौं, एउटा बाबुको कर्तव्य निर्वाह गर्ने आकाङ्क्षा...!

यस्तै-यस्तै पीडित मान्छेहरूका अभाव र कुण्ठाका स्वरहरू म निद्राबाट नतङ्ग्रिँदै सुन्छु । एकपटक होइन, पटकपटक...। स्वास्नी 'आज बाहिर जानुभएको छ बाबुसाहेब' भनेर पन्छाउन खोज्दै थिई । मेरी स्वास्नीको यस्तो व्यवहार देखेर बाक्क भइसकेको होला, बिचरा ! यो साकी । त्यत्तिकै म फुत्त बाहिर निस्किन्छु । ऊ मलाई देख्नासाथ दुई हात जोड्छ । मानौं, गरिब हुनुको एउटा पीडा उसका अभिव्यक्तिविहीन हातहरूले व्यक्त गरिदिन्छन् । म उसलाई हेरेर केही छिन् अवाक् टोलाइरहँ । दुब्लो, पातलो, अनुहारमा कुनै खुसीको भाव नभएको, अर्धानंगा लुगामा उभिएको थियो ऊ । ऊ एक्लैले सिङ्गो नेपालको गरिबीको रेखामुनिका मान्छेहरूको प्रतिनिधित्व गरिरहेको भान पर्‍यो । म धेरैबेर उसको अगाडि मुकदर्शक बनेर उभिइरहन सकिनँ । मुखबाट फुत्काएँ- 'के छ तिम्रो हालखबर ? लालबहादुर दाइ !' उसले खिन्नताको स्वरमा भन्यो- 'के हुनु हजुर ! गरिब मोराको जीन्दगी उही त हो नि !' उसको यो वाक्यले मेरो मन तम्तम्याइलो भएर आयो । मैले नियालें- आजको प्रजातन्त्र र लालबहादुरलाई । दुबैमा आकाश र पातालको भिन्नता थियो । यो देशमा प्रजातन्त्र आएको धेरै वर्ष बितिसक्दा पनि के लालबहादुरहरूको जुनीमा प्रजातन्त्र आएको छ ? प्रजातन्त्र त ठूल्ठूला महलका मानिसहरूको पेवा बनेको छ । लालबहादुरहरूमा कहिल्यै आएन प्रजातन्त्र । मान्छेले मान्छेको जिन्दगी जिउन पाउनुपर्छ । तर, लालबहादुरले मान्छेको सभ्यतामा मान्छे भएर जिउन पाएन । ऊ

कहिले संस्कार बनाउनेहरूबाट किचियो, कहिले ढुङ्गाका देवताहरूले ठगेर किचियो । अहिले प्रजातन्त्रवादीहरूबाटै किचियो ।

हाम्रो देशमा प्रजातन्त्र आएको छ रे ! तर, खै ! जीवनमा भोग्न पाएको ? प्रजातन्त्र ठूलाठालू महोदयहरूको घरमामात्र आउँछ कि लालबहादुरहरूको घरमा पनि आउँछ ? मलाई कोपर्न मन लाग्यो- यो कथित प्रजातन्त्रलाई । यसको खोल ओढेर आफूलाई प्रजातन्त्रवादी भन्ने महोदयहरूलाई थुकिदिन मन लागेर आयो । मनमनै बेस्सरी मुर्मुरिएँ- यो प्रजातन्त्र भन्ने चिजसँग । यसो गर्न मलाई स्वतन्त्रता थियो कि थिएन ? म पनि अचेत नै थिएँ । यहाँ प्रत्येक मान्छे स्वतन्त्र छन् भनिए पनि औंलामा गण्यमात्र स्वतन्त्र छन् । प्रजातन्त्रको उपभोग गर्न थोरैलेमात्र पाएका छन् । प्रत्येकको स्वतन्त्रतामाथि ताल्चा लागेको समय हो यो । मलाई पनि यसो गर्न प्रतिबन्ध थियो । कुनै सार्वजनिक स्थलमा खुलेर यसो गर्दो हुँ त थोरबहुत सजायको भागिदार हुनुपर्थ्यो । तर, त्यो लालबहादुर अचेत छ । यसको सामु म स्वतन्त्रताको भरपूर उपभोग गर्न पाउँछु । त्यसैले ऊ आउनासाथ घर बाहिर निस्कन्छु । नत्र बाहिर निस्कन मलाई सारै गाह्रो लाग्छ । अचेल कोठाभित्र नै स्वतन्त्रताको आभास छ । त्यसैले त म भित्रै बसिरहन्छु । लालबहादुर आएको सुईको पाएपछि म प्रत्येक प्रातःको समयमा बाहिर निस्कन्छु । यो मेरो लालबहादुरलाई अलिकति सचेततातिर डोहोऱ्याउने एउटा प्रयत्न थियो । तर, मलाई पो कहाँ सुख छ र ? अचेतनले छोपेको देशमा लालबहादुरजस्ता मान्छेलाई सचेत बनाउनु भनेको बालुवामा पानी खन्याउनुजस्तै गाह्रो काम हो । तरपनि मैले हिम्मत हारेको छैन । म लालबहादुरजस्ता मान्छेलाई सचेत बनाउन चाहन्थें । लालबहादुरलाई सङ्केत गरेर भनें- 'दाइ तिमीले मान्छे नै भएर जिन्दगी बाँच्नुपर्छ । तिम्रो जिन्दगी बाँधिएको पशुकोभन्दा फरक छ ?' मेरो सवालप्रति कुनै प्रतिक्रिया नजनाएर उसका प्रश्नसूचक आँखाहरूले एकटकले मलाई हेरिरहे । सायद, ती आँखाहरूले भन्दै थिए- 'के भनेको

भाइ तिमीले ? मैले त ठ्याम्मै कुरो बुझिनँ त !' यो अबुझ प्रजातन्त्रको देशमा लालबहादुर मार्मिक व्यङ्ग्य हो । र, उसको बुट पालिस गर्ने आकाङ्क्षा ? त्यो त यो शताब्दी बाँच्नेहरूको एउटा वास्तविकता । म पनि ऊजस्तै एउटा सरकारी मजदूर न हुँ । मैले गोजीबाट १० रुपियाँ झिकेर दिएँ- त्यो पनि जुत्ता पालिस गर्ने शर्तमा । बिचरा ! लालबहादुर २१ औं शताब्दीमा पनि पशुगत जीवन बाँच्दैछ । उसलाई यो चेत छैन । माथिल्लोस्तरका व्यक्तिहरूका पशुहरूले पनि उसकोभन्दा मस्तीको जिन्दगी बाँच्छन् । एउटा प्रश्न छ, यो शताब्दी र मान्छेलाई- मान्छेले मान्छेको स्थान किन पाएन ? अन्त्यमा लालबहादुरलाई फेरि आग्रह गर्छु- 'लालबहादुर दाइ ! तिमीलाई यो आह्वान छ- तिमीले मान्छे भएर ज्यूनुपर्छ है !' त्यत्तिकैमा मेरो गला रोकियो । ऊ जुरुक्क उठेर केही नबोली मेरो अनुहारतिर हेरिरह्यो । केहीछिनपछि नजर विस्तारै मबाट हटायो । त्यसपछि, सडक र जुत्ता सिलाउने ठाउँमा लालबहादुर कहिल्यै देखिएन । एकदिन सुनें- लालबहादुरले अर्कै बाटो लियो रे !

२०६१/५/६



दरिद्रतामित्रको मान्छे

गड्याङ्गुडुङ् आवाज गर्‍यो । एकछिनपछि मुसलधारे पानी दर्क्यो । खेतमा काम गर्ने खेतालाहरू पानीबाट बच्न आ-आफ्ना घरतिर लागे । अनिल पनि हिलै हातगोडा आएर दलानमा उभियो र मनमा गम्यो- 'यी देउताले पनि काम गर्न किन नदिया होला ?' उसले लामो सास फेर्‍यो । पिर्लिक्क आकाशतिर हेर्‍यो अनि मनमनै ईश्वरसँग प्रश्न गर्‍यो- 'ईश्वर ! हामी गरिब मोरालाई किन यति दुःख दिन्छौ ?' उसले थाहै नपाई ईश्वरप्रति असन्तुष्टिको धर्सा मनले कोरिसकेको थियो । मानौं, उसको ईश्वरप्रतिको आस्थामा 'किन ?' भन्ने प्रश्न चिन्ह लागेको थियो । उसले विचारमग्न भएर एकछिन् मनमा के-के कुराहरू सोचिरह्यो । ऊ कहिले आफ्नो दरिद्रतालाई धिक्कार्थ्यो, कहिले देउतालाई सराप्थ्यो । ऊ आजित भएर थ्याच्च बस्यो । अझै पानी रहेन । दर्किरह्यो... दर्किरह्यो...। अनिल दिक्क मान्दै भुइँमै पल्टियो । हिलो लत्पतिएका अर्धानो लुगा, हिलै हातगोडासँग ऊ भुसुक्क निदायो । र, सपना देख्यो । सपनामा निकै सुकिलो थियो ऊ । उसलाई आफू आफैँलाई निकै राम्रो लाग्यो । साँच्चो जीवन र विपनाको ठीक उल्टो थियो ऊ । जुन वास्तवमा अनिलले कल्पना गरेभन्दा परको कुरा थियो । सपनामा नै भए पनि च्वास्स त्यसको स्वाद चाख्यो अनिलले ।

पानी रह्यो । अनिलको निद्रा खुल्यो । जुरुक्क उठ्यो र कुटो, कोदालो लिएर खेततिर दौडियो । खेतमा पुग्दा काइँलाउको आगमन भइसकेको रहेछ । ऊ एकपटक त डरले काँप्यो । अनिलको गन्ध पाउनासाथ काइँलाउले बाघले शिकार झम्टेजसरी नै झम्टौंलाझैं गरेर भने- 'यो मोराले काम खाली छल्नमात्र खोज्छ, काम गरी खानेको सन्तान भए पो !' यता अनिलको अन्तःकरणमा चिसो पस्यो । उसले नजानिँदोसँग खल्लोपनको

अनुभूति गऱ्यो । 'काइँलाउ...!!'- उसले दाऱ्हा किट्यो । तर बोल्न सकेन । अनिल यसकारणले रोकियो कि बोलेको भए नानार्थारि फत्तुर लाएर काइँलाउले उसलाई जेल हालिदिने थिए । मनमनै मुर्मुरियो- 'थुइक्क ! गरिब मोराको अपजस्यो जिन्दगी...!' उसले मनको तीतोपनलाई मिसाएर भुइँमा खाक्क खकारेर जोडसँग थुक्यो । कसलाई ज्ञात ? उसले काइँलाउप्रति लक्षित गरेर व्यङ्ग्यात्मक असन्तुष्टि जनाएको हो भन्ने ? अनिल भित्रभित्रै आगो भयो । विडम्बना ! उसको दरिद्रता नै यो मुखबन्द गर्नुको कारण हो भने त्यही दरिद्रता नै यो अपमान सहनुपर्ने अर्को कारण । उसले पसिना बगाएर त्यसको उचित मूल्य पाउनु त कता हो कता, पसिना बगाएबापत अपजस र अपमानका बचनहरू बारम्बार रोपिन्थे । सानो जात हुनुको पीडाले उसलाई बारम्बार सताइरहन्थ्यो । यो २१ औं शताब्दीको समयमा पनि काइँलाउजस्ता टाउकेहरूको राज्य छ । यहां कहिले देउताका शासनहरू देखिए । कहिले दानवका शासनहरू देखिए । तर, अनिलजस्ता निमुखाहरूको हित गर्ने शासन कहिल्यै देखिएन । अनिलहरूका पसिनामा यहाँ धेरैले जीवनको ऐस भोगेका छन्, जीवनको आनन्द भोगेका छन् । यिनीहरूको श्रम र सीपले धेरै जना मोटाएका छन् । तर, उनीहरू स्वयम्को भागमा ऐस-आरामको भाग कति पऱ्यो ? उनीहरू त मोटाउने कुरा परै छाडौं, दुई छाक खान पनि हम्मेहम्मे पर्छ । अनिलका बाउले ऋण तिर्न नसकेकाले काइँलाउको घरमा आफ्नो बालख छोरालाई गोठालो बस्न पठाएका थिए । ऊ उनकै घरमा गाई-भैंसी, बाख्रा हेर्दै हुर्किएको थियो । उसले जवान हुँदासम्म पनि बाउले लिएको ऋण असुलिसकेको थिएन । काइँलाउको ऋण ब्याजको स्याज गर्दै दोब्बर-तेब्बर बढ्दै गइरहेको थियो । यता, अनिलको श्रम मूल्य जहिले तहिले जत्तिको त्यत्ति नै थियो । अनि अनिलले काइँलाउको ऋण चुकाउन के सक्थ्यो र ! उसमा पनि मालिकसाहेबका छोराछोरीमा जस्तै यौवनका चाहना र भावनाहरू नभएका कहाँ हुन् र ! तर, अनिलजस्ता यौवनले भरिएका ठिटाहरूको भाग्य काइँलाउहरूले खोसिदिएपछि

अनिलकोजस्तै जीवन शून्य हुन्छ । हो, अलिकति काम बिग्रियो भने टाउकेहरूले 'यस डाइग्रा गन्धेले काम गर्न के जान्दछ त ? काम गर्नेको सन्तान भए पो' जस्ता अपजसका कोरांहरू हानिहाल्छन् । बिचरा ! अनिलहरू एउटा संवेदना नभएको मूर्तिझैं काइँलाउहरूका मारहरू खपिरहन्छन्, खपिरहन्छन् । यसमा उनीहरूको कुनै गुनासो छैन, खेद छैन । उनीहरू त आफ्नो 'तर्कादर'लाई दोष दिन्छन् । उनीहरू निर्जीव, अदृश्य देउतालाई दोष दिन्छन् । आज काइँलाउले अनिललाई उसको रगत पसिना चुसेर रित्तो बनाइसकेपछि खेद्ने सुर कसेका छन् । त्यसैले उसलाई बिहान उठेदेखि काममा जोताइँदै छ । 'बिहान सखारैदेखि काममा दलाइनुको मतलब ?'- अनिल गम्न थाल्छ । यी काइँलाउहरूले 'काम गरेर खानेको सन्तान भए पो' भन्नुको मतलब ? के म काम गरेर खानेको सन्तान होइन ? मेरो श्रममाथि किन औंलो ठड्याउँछन् काइँलाउ ? उसलाई आफूले उठाएका कोदालाहरूमा काइँलाउका अनुहारहरू उपहास गर्दै देखेको भान भयो । अब अनिलको सहने शक्ति हरायो । ऊ चिच्यायो- 'काइँलाउ...!!'

अनिलको आक्रोशित स्वरले खेतालाहरूमा खैलाबैला मच्चियो । भोलिपल्ट गाउँमा सुनियो- 'अनिल त्यस घरबाट खेदियो ।' अनिलले याचना गरेन । हार-गुहार मागेन । ऊ काइँलाउको घरबाट बाटो लाग्यो । हिँड्दाहिँड्दै विचार गर्‍यो- 'के मैले काइँलाउकहाँ बसेर कुनै दिन मस्तीको निद्रा निदाएँ ?' एकदिन काइँलाउ आफैंले अनिललाई गोठालो ल्याएका थिए । आज आफैंले निकाल्ने ? के यस्तै हो त हामी गरिबको जिन्दगी ? के हामीले कुनै सुख भोग्न पाउँदैनौं ? आफूहरू त सस्तो मूल्यमा किनिँदारहेछौं भन्ने बल्ल अबोध अनिललाई थाहा भयो । भारी मन लिएर अनिल आफ्नो गन्तव्यतर्फ अगाडि बढिरह्यो, बढिरह्यो...। निश्चित समयपछि उसको छायाँ त्यो ठाउँबाट ओझेल पर्दै गयो ।

✦✦

प्रजातन्त्रको सहिद

घाम डाँडामाथि आइसक्यो । ऊ अझै उठेको छैन । सधैं यतिवेला उठेर कहाँ हिँडिसक्थ्यो । कि बिरामी पऱ्यो कि ? मेरो मनमा एउटा प्रश्नको सुइरो गाडियो । हत्तपत्त ऊ सुत्ने कोठामा पुगें । त्यहाँ सबै सामानहरू यथावतरूपमा मिलाएर राखिएका थिए । खाटमा पनि उही सुतेको आभास मिल्थ्यो । अरे ! यो मान्छे त यतिवेलासम्म किन उठेन ? मनमा आशङ्काका पलाएकाले म सरासर गएर सिरक पल्टाएर हेर्छु । ऊ बिस्तारामा छैन । अर्थात्, बिस्तारामा ऊ थिएन ।

हुन त ऊसँग एउटा कुण्ठा थियो- प्रजातन्त्रले दिएको कुण्ठा । ऊ रक्सी धेरै पिउँथ्यो, यहाँसम्म कि आफूलाई सम्हाल्नै नसक्ने गरी पिउँथ्यो । २०४६ सालको जनआन्दोलनमा सक्रियताका साथ भाग लिएको थियो उसले । त्यतिवेला ऊसँग प्रजातन्त्रका लागि उमङ्ग थियो । तर, आजकल निराशामा नै दिनचर्या काट्न थालेको थियो । अब अर्को प्रश्न तेर्सियो मनमा- ऊ आज कहाँ गयो ? किन ? कतै उसले पलायनको बाटो त रोजेन ? कुनै समय भोलिलाई आजसँग जोख्ने मान्छे थियो ऊ । उसले यो पुरानो बिस्तारालाई सधैं रुँघेर बस्ने कामबाट सदाका लागि मुक्ति लिन खोजको त हैन ? यस्तै प्रश्न-प्रतिप्रश्नले सताइरहे मनलाई ।

दिन नजानिँदो ढङ्गले ढल्दै गयो । रात झमक्क पऱ्यो । ऊ रक्सीले टन्न मातेर घर फर्किंयो । उसका खुट्टाहरू सन्तुलित अवस्थामा थिएनन् । उसलाई अचेत अवस्थामा साथीहरूले बोकेर ल्याएका थिए । ऊ आफ्नै सुरमा भनिरहेको थियो- 'यो प्रजातन्त्रले मलाई खाइसक्यो, तपाईंहरूलाई पनि खान्छ ।'

म उसकी अर्धाङ्गिनी थिएँ । उसको यस्तो अवस्था देखेर मेरो

भक्कानो फुटेर आउँथ्यो, तर चुपचाप सहन्थें । मेरो सानो छोरा भन्दै थियो- 'मम्मी ! बाबालाई के भयो ?' म कसरी बताऊँ- 'तेरो बाबालाई प्रजातन्त्रले घाइते बनाएको हो भनेर ?' उसलाई प्रजातन्त्रले राम्रो गछ भन्ने कुरा थाहा छ, तर थाहा छैन उसको बाबालाई यो अवस्थामा प्रजातन्त्रले ल्याएको हो भन्ने । ठूलो छोरो भन्दै थियो- 'अरूलाई दुःख दिनु प्रजातान्त्रिक व्यवस्था हो मम्मी ? ठूला देशले सानालाई सताउनु पनि प्रजातन्त्र होइन र ?' म तर्सिन्छु यिनीहरूका प्रश्न सुनेर र चिच्याएर भन्छु- 'यो सबै प्रजातन्त्र होइन, यो सबै कुतन्त्र हो ।' उनीहरू निराश भएर आफ्नो कोठातिर पस्छन् र सुत्छन् ।

राति रक्सीले छाड्दै गएपछि उसको मधुरो आवाज मेरो कानमा परेकाले ब्यूँझिएँ । ज्वरो आएकाले ऊ अचेत अवस्थामा नै बर्बराएको रहेछ । उठेर पानीपट्टी लगाईदिएँ । उसको खट्पटी केही कम भयो । मनमा केही आनन्दको अनुभूति भयो । सायद, म हिन्दू संस्कारीभत्र बाँधिएकी थिएँ । 'लोग्नेप्रति समर्पित हुनु धर्म हो' भन्ने कुरा म जन्मेको संस्कारले सिकाएको थियो । म त्यही परिधिमा रहेर जीवन जसोतसो सञ्चालन गर्दै थिएँ ।

समयले मलाई धेरै पछाडि पारिसकेको छ । 'नारी धर्ती हो' भन्ने कुरा हाम्रा पूर्वजहरूले सिकाएका छन् । यही मूल्य-मान्यतामा बाँच्ने नारी हुँ म । मलाई उसले सिउँदोमा सिन्दूर हालेर यस घरमा भित्र्याएको हो । त्यसैदनदेखि म उसको आदेशपालक भएँ । मैले आफ्नो पति परमेश्वरको सेवा गर्न पाउनु एउटा सौभाग्यको कुरा ठान्नुपर्थ्यो । उतार्पाट्टिको कोठामा छोराहरू निदाइरहेका थिए । निद्रामा ठूलो छोरो बर्बराइरहेको थियो- 'त्यसोभए ठूला देशले साना देशलाई किन दबाउँछन् त मम्मी ?' विचरा ! मेरो छोरालाई के थाहा ? यहाँ प्रजातन्त्रको नाम फलाक्दै सिधा-सोझा मानिसलाई सताउने धन्दा चल्छ भन्ने कुरा । विचराले वास्तविक प्रजातन्त्रको अर्थ के बुझोस् ? उसले त 'बन्दुक र बारुदसँग खेल्नु प्रजातन्त्र हो' भन्ने बुझेको छ । 'मान्छेले मान्छेलाई

सताउनु प्रजातन्त्र हो' भन्ने बुझेको छ।

मेरो पति परमेश्वरले कुन बाटो रोजेको हो ? मलाई थाहा छैन। उसका हरेक क्रियाकलापहरू मबाट धेरै टाढा थिए- मेरो चेतनाको दृष्टि नपुग्ने ठाउँमा। तर, ऊ सधैँ एकै ठाउँमा गएर बस्थ्यो, त्यो ठाउँ भने मेरो आँखाबाट टाढा रहेन।

ऊ त्यो ठाउँमा गएर सधैँ रुन्थ्यो, जहाँ उसका बाबा मारिएका थिए। ऊ प्रत्येक दिन बिहान गायब हुन्थ्यो र प्रत्येक साँझमा फर्कन्थ्यो। कैयौँ दिनदेखि मौन रहेको लोग्ने आज मसँग बोल्यो- 'राधा तिमीले छोराछोरीको ख्याल राख्नू है !' आज निकै आन्दोलित र आक्रोशित देखिएको थियो ऊ। त्यत्तिकैमा ऊ बाहिर निस्कियो। बेलुका घर फर्केन। मन कामिरह्यो- कतै अनिष्ट त भएन ? भोलिपल्ट बिहानै उठेर सधैँ जाने ठाउँमा पुगेर हेर्दै- ऊ मृत अवस्थामा सुतिरहेको थियो। शरीरभरि रगत मुछिएको थियो। निधारबाट रगतका नदीहरू बगिरहेका थिए। मृत शरीरले थिचिरहेका केही कागतपत्रहरू म उत्सुकतासाथ पल्टाएर हेर्छु। त्यहाँ लेखिएको थियो उसकै रगतले- 'आजको प्रजातन्त्र सुषुप्त अवस्थामा छ। मृत अवस्थामा छ। हामीजस्ता निर्दोष मान्छेको स्वतन्त्रताको रक्षा गर्न वास्तविक प्रजातन्त्र ल्याउन तिम्रो लोग्ने शहीद भएको छ।

✦✦

कथाकार : झमक घिमिरे
जन्ममिति : २०३७।३।२१ गते शुक्रबार
जन्मस्थान : धनकुटा-३, कचिडे
पिता : कृष्णबहादुर घिमिरे
माता : आशादेवी घिमिरे
शिक्षा : स्वअध्ययन
अभिरुचि : साहित्य
फोन : ०२६-५२०३४१ (घर)

सम्मान, पुरस्कार तथा पदक

अपांग महासंघ खगेन्द्र नवजीवन केन्द्र अभिनन्दन, २०५७, राष्ट्रिय युवा सेवा कोष अभिनन्दन, २०५७, नरोत्तमदास इन्दिरादेवी श्रेष्ठ गुठी सम्मान, २०५७, पारिजात स्मृतिकेन्द्र प्रशंसापत्र, २०५७, थापाथली जनकल्याण परिवार अभिनन्दन, २०५७, गुञ्जन परिवार अभिनन्दन, २०५७, कौशिकी साहित्य परिवार अभिनन्दन, २०५७, प्रलेस र जनसांस्कृतिक संघ नेपाल अभिनन्दन, २०५७, लाइन्स क्लब विराटनगर अभिनन्दन, २०५८, कविताराम बालसाहित्य प्रतिभा पुरस्कार, २०५५, अस्वीकृत विचार साहित्य पुरस्कार, २०५६, क्या. गोपालप्रसाद जनकल्याण पुरस्कार, २०५७, अपांग प्रतिभा पुरस्कार, २०५७, प्रवल गोरखा दक्षिण बाहु चौथो, २०५६, अपांग सेवा संघ सम्मानार्थ सदस्य, २०६०, America Biographcal Institute सदस्य 2004.

प्रकाशित कृति

संकल्प कविता संग्रह-२०५५, आफ्नै चिता अग्निशिखातिर कविता संग्रह-२०५७, मान्छेभित्रका योद्धाहरू कविता संग्रह-२०५७, अवसानपछिको आगमन क्वांक संग्रह-२०५७, सम्झनाका बाछिटाहरू लेखसंग्रह-२०५७, नौलो प्रतिविम्ब-कविता संग्रह-२०६०

अप्रकाशित कृति

मेरा अनुभूतिहरू लेख संग्रह, फक्रिएका फूलहरू गीत संग्रह, डायरीका पानाहरू- दैनिकी संग्रह, शान्तिकुमारी कविता संग्रह, पखालीभित्रका आवाजहरू कवितासंग्रह, केही फुटकल लेख, निवन्धह, हाइकु

विवेक सिर्जनशील प्रकाशन प्रा. लि.
अनामनगर, काठमाडौं, ४२१८०६३